नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १४५ | २०७८ साल पुस २१ गते बुधबार (5 Jan. 2022 Wednesday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : मुसहर बस्तीमा चिसोको... ३ पृष्ठमा : विद्यार्थी र करार शिक्षकको ... ३ पृष्ठमा :ओमिक्रोनका सङ्क्रमित बढ्दै...

# चिसोले एकको मृत्यु जनजिवन कष्टकर बन्दै



**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

केही दिनदेखी तराई मधेशमा बढ्दै गएको चिसोसँगै चलेको सितलहरले जनजिवन कष्टकर बन्दै गएको छ । यसैक्रममा अत्याधिक चिसोका कारण सप्तरीमा सोमबार बिहान कठ्याग्रीएर एक जनाको मृत्यु समेत भएको छ ।

मृत्यु हुनेमा महदेवा गाँउपालिका ४ का ६५ वर्षिय देवनारायण ठाकुर छन् । गाउपालिकाकी उपाध्यक्ष ममता यादबले विहान उठेर ढोका बाहिर निस्केका मण्डल कठ्याग्रीएर बेहोस भएपछि आफन्तले समहाल्न नपाउदै उनको मृत्यु भईसकेको बताइन् ।

केही दिन अघिको वर्षा संगै चिसो बढेपछि जनजिवन प्रभावित भएको छ । जिल्लाका निजी क्लिनिक तथा अस्पतालमा चिसोका बिरामी समेत बढेका छन् । चिसोका कारण निमोनिया, कोल्डडायरीया, दम, रुघाखोकी र श्वासप्रश्वास सम्बन्धी समस्या लिएर विरामी आउन थालेको गजेन्द्र नारायण सिह अस्पताल प्रशसनले जानकारी दिएको छ ।

विशेष गरि ग्रामिण क्षेत्रको विपन्न बस्तीमा चिसोले बढी प्रभाव पारेको देखिएको छ । टोल टोलमा दाउरा बालेर आगो ताप्ने क्रम बढेको छ । अति विपन्न समुदायका व्यक्तिहरु चिसोले बढी प्रभावित भएको देखिन्छ । शरीरलाई न्यानो पार्न कपडा तथा दाउरा बाल्ने प्रबन्ध समेत नभएपछि उनीहरु अहिले जसोतसो जिवन यापन गर्दैछन् ।

यसैबीच मंगलवारै प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको अध्यक्षतामा वसेको सर्वपक्षिय र सर्वदलिय बैठकले सर्वसाधारणलाई सितलहरको प्रकोपबाट जोगाउन पूर्व तयारी र प्रतिकार्यलाई

*बाँकी अन्तिम पृष्ठमा*

# राष्ट्रियसभा सदस्य दुई सीटका लागि पाँच जनाको उम्मेदवारी

**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

मघ १२ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि प्रदेश २ मा २ सिटका लागि पाँच जनाको उम्मेदवारी परेको छ ।

प्रमुख विपक्षी दल नेकपा एमालेले प्रदेश २ बाट पर्साका उस्मान अन्सारीको मनोनयन दर्ता गराएको छ भने महिलातर्फ रौतहटकी बिना साहको मनोनयन दर्ता गराएको हो ।

यता नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीको गठबन्धनबाट अन्य समूहमा जसपाका मो. खालिद सिद्दिकी (सिरहा) र महिलातर्फ माओवादीकी उर्मिला अर्याल ( पर्सा) ले उम्मेदवादी दिएका छन् ।

यस्तै लोकतान्त्रिक समाजवादी पार्टीले महिलातर्फ रुपाकुमारी यादवले मनोनयन दर्ता गराएकी छिन् ।

# शीतलहरका कारण विद्यालयमा पठनपाठन बन्द

वीरगञ्ज, २० पुस (रासस) ।

तराईमा चिसो बढेपछि हालसम्म पर्साका ३ स्थानीय तहले विद्यालयमा पठनपाठन बन्द गरेका छन् ।

पछिल्लोपटक जिल्लाको ठोरी र धोविनी गाउँपालिकाले निजी

*बाँकी अन्तिम पृष्ठमा*



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# सप्तरी काँग्रेस सभापतिको दौडमा आधा दर्जन भन्दा बढी आकांक्षी




**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

यही पुस २७ गते तय भएको नेपाली काँग्रेस सप्तरीको जिल्ला अधिवेशनको चहलपहल बढेसँगै सभापति पदका आकांक्षी समेत बढ्दै गएका छन् ।

सभापतिका दौडमा आधा दजर्न भन्दा बढी आकांक्षी देखिएका छन् । सभापती पदका लागी देउवा पक्ष मानिएका निर्मला यादव, भगवती प्रसाद यादव, रामप्रसाद मण्डल र शत्रुघन यादवको दावेदारी छ भने संस्थापन इतर पक्ष मानिएका रामदेव साह, राम कुमार यादव र रामु यादवले दाबेदारी पेश गरेका छन् ।

सभापती पदमा बढ्दै गएका आकांक्षीहरुलाई मध्य नजर गर्दै सहमती र सर्वसम्मतीबाट नयाँ नेतृत्व चयनको प्रयास समेत थालिएको काँग्रेस सप्तरीका प्रवक्ता प्रभात कुमार ललनले जानकारी दिएका छन् ।

यसैबीच नवनिर्वाचित केन्द्रिय सदस्य समेत रहेका काँग्रेस सप्तरीका सभापति दिनेश कुमार यादवको संयोजकत्वमा मंगलवार चार सदस्यीय कार्यदल समेत गठन गरिएको छ । गठित कार्यदलमा फत्तेह महमद, डा.सुबोध पोखरेल र भागवत यादव सदस्य छन् । उक्त कार्यदलले सहमतीबाट नयाँ नेतृत्वको चयन गर्ने प्रयास मंगलवारैदेखी शूरु गरेको प्रवक्ता ललनले बताए ।

कार्यदलका संयोजक समेत रहेका केन्द्रिय सदस्य यादवले सभापती पदका लागी धेरै आकाँक्षी देखिएपछि सर्वसम्मतीले नाम टुग्याउन कार्यदलमार्फत काम शूरु गरिसकेको बताए ।

काँग्रेसको १४ औं महाधिवेशन अर्न्तगत जिल्लामा वडा, गाउ, नगर, प्रदेश र केन्द्रका प्रतिनीधीका लागी भएको निर्वाचनमा देउवा पक्षका बढी

*बाँकी तीन पृष्ठमा*

## सम्पादकीय ....

### विद्यालयलाई शान्ति क्षेत्र बनाउने प्रतिबद्धतामै सीमित

विद्यालयहरुलाई शान्ति क्षेत्रको रुपमा परिणत गर्नबाट अझै बचाउन सकिएको छैन । अहिले पनि विद्यालयहरुमा विभिन्न प्रकारका राजनीतिक गतिविधी यथावतै छ भने शिक्षकहरुको भयले विद्यार्थीहरु अझै पनि त्रासपूर्ण वातावरणमा पढ्न बाध्य छन् । विद्यालयलाई शान्ति क्षेत्र बारे बारम्बार विभिन्न राजनैतिक दलहरुले प्रतिबद्धताको चर्को नारा लगाए पनि त्यसको ठीक उल्टो भइरहेको छ । विद्यालयमै आमसभा, भाषण, निर्वाचन तथा अन्य गतिविधी हुने क्रम रोकिएको छैन् ।

त्यस्तै विद्यालयमा अहिले पनि विद्यार्थीहरुले भयमुक्त वातावरणको पूर्ण रुपमा अनुभूति गर्न सकिरहेका छैनन् । विद्यार्थीमैत्री वातावरणको सृजना हुन सकिरहेको छैन । बालमैत्री शिक्षक र शिक्षण हुनुपर्छ भनेर सरकारी तथा गैरसकारी निकायहरुबाट बारम्बार अभिमुखीकरण भइरहँदा अधिकतर शिक्षकले भने विद्यार्थीहरुलाई लठ्ठीले नै अनुशासित बनाउन सकिन्छ भने मानसिकता छोड्न सकेका छैनन् । गृहकार्य नगरेको निहुँमा, अनुशासन भंग गरेको बहानामा विद्यार्थीहरु अहिले पनि कुटिन्छन् । विद्यालय शान्ति क्षेत्रको अवधारणा दण्डरहित शिक्षा यसको मुख्य पाटोको रुपमा रहेको छ ।

विद्यालय शान्ति क्षेत्रको अवधारणालाई प्रभावकारी ढंगले लागु गर्नुपर्ने हो । यद्दपी यसलाई कार्यान्वयन गराउनका लागि शिक्षा मन्त्रालय, शिक्षा विभाग र स्थानीय तह कतै न कतै चुकिरहेका छन् । उनीहरुको भूमिका शुन्य जस्तै छ । तसर्थ यसका लागि सम्बन्धित विद्यालयको व्यवस्थापन समिति, शिक्षक र अभिभावक संघ पनि जिम्मेवारपूर्ण रुपले प्रस्तुत हुनु अति आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मुसहर बस्तीमा चिसोको प्रहार: न लुगा, न खाना

जलेश्वर, २० पुस (रासस) ।

महोत्तरी जिल्लाको एकडारा गाउँपालिका-४ भटौलिया गाउँका हुकुमा सदा आफ्ना लालाबाला र घरपरिवारसहित चिसो स्याँठका बीच हुनुहुन्छ । उहाँ तथा बालबालिका र महिलाहरूको शरीरमा चिसो छल्न सक्ने लुगाफाटा छैनन् । उहाँको घरमाथि टुटेका झिक्राझिक्री मात्र छन्, घेराबेरासमेत केही छैन । साठी वर्ष नाघिसक्नुभएका हुकुमा आफ्नो परिवारसहित चिसो आकाशमुनि हुनुहुन्छ ।

चरम गरिबीले छोएको त्यस परिवारमा ससाना बालबालिका गरी १३ जना थिए । तीमध्ये कुनै बालबालिकाको शरीर लुगाफाटाले पूर्ण रूपमा छोपिएको छैन । त्यसैगरी महिलाहरू अनिवार्य रूपमा इज्जत ढाक्नैका लागि लगाउनुपर्ने लुगाबाहेक थप लत्ताकपडामा भेटिएनन् । पुरुषहरू पनि आधा -अधुरा च्यातिएको लुगाफाटाले सकीनसकी आफूलाई चिसोबाट जोगाउने प्रयत्न गरिरहेका छन् । सञ्चारकर्मीलाई देखेर बालबालिका दगुर्दै "केही बाँड्ने मान्छे आयो" भन्दै आए । हुकुमाले परैबाट 'हजुर जे लाइलछी से ओकरेसबके ददिऔ' (हजुरले जे ल्याउनुभएछ, त्यो उनीहरूलाई नै दिदिनुहोस्) भन्दै कराउनुभयो ।

उनकै छिमेकी सीतादेवी सदा आफ्ना पाँच छोराछोरीसहित परालको ठुटाले चारैतिरबाट घेरिएको र माथि च्यातिएको प्लाष्टिकबाट ठाउँठाउँमा घरभरि उज्यालो आउँदै गरेको सानो झुप्रामा चिसोसँगै लड्दै हुनुहुन्छ । उहाँले घरभरि आफू र आफ्ना सन्तानको जीउ न्यानो पार्न र राति सुत्नका लागि पराल ओछ्याउनुभएको छ भने ओढ्नका लागि जुटका ठूलाठूला बोरामा पराल कोचेर राख्नुभएको छ । उहाँका कुनै छोराछोरीका जीउमा पनि पूरा लत्ताकपडा छैन । घरभित्रैबाट चिसाले काँप्दै सीताले रुँदै भन्नुभयो, 'हजुर हमरा सबल केऊ नै अबैछै, मैर रहलछी लेकिन केकरो कोनो फिकिर नै है ।' (हजुर हामीकहाँ कोही आउँदैनन् । जाडाले मरिरहेछौँ तर पनि कसैलाई कुनै मतलब छैन) उहाँले आफू तीन वर्षदेखि चिसो, वर्षा र घामको सामना गर्दै सोही झुप्रामा दिन बिताउन बाध्य रहेको बताउनुभयो । "ठूलो परिवार भएकाले खानपानकै जोहो त गर्न सकिँदैन भने लुगाफाटा र ओढ्ने ओछ्याउने कहाँबाट ल्याउनू ?", उहाँले थप पीडा पोख्नुभयो ।

उहाँ र उहाँका सन्तान पनि सञ्चारकर्मीलाई देखेर असहनीय चिसाको बेला आफ्नो बस्तीमा कुनै कुरा बाँड्न आएका व्यक्ति सम्झेर माग्न थाल्छन् ।

त्यहीँ नजिकै चार वर्षदेखि दमरोगकी शिकार अनरियादेवी सदा झोत्रो कम्बल ओढेर काँप्दै हुनुहुन्थ्यो । उहाँले आफूलाई पति र छोराछोरीले समेत राम्ररी हेरचाह नगरेको भनी सहारा माग्नुभयो । उहाँले भन्नुभयो, "हजुर मलाई पनि आफूसँगै लग्नुस्, नत्र यहाँ केही दिनमै मर्छु । मलाई बिरामीले धेरै च्यापिसकेको भए पनि मेरो उपचार न त पतिले गराउँछन् न छोराछोरीले नै मलाई माया गर्छन्", उहाँले आफूलाई चिसो मौसमको दुश्मन दम रोगबाट मुक्ति दिलाइदिन पनि आग्रह गर्दै भन्नुभयो । उहाँले तातो र पोषिलो खानाको अभावसँगै आफू दुई/दुई दिनसम्म भोकभोकै पनि रहने गरेको दुखेसो गर्नुभयो ।

उहाँ जस्तै सोही ठाउँ बस्ने ४५ वर्षीया कोशिला सदा दुई सातादेखि राति सुत्न पाउनुभएको छैन । उहाँले भन्नुभयो, " दिनभरि जसोतसो काटे पनि राति आगोकै सहाराले नै बाँच्दै आएको छु ।" दुई सातादेखिको चिसो स्याँठबाट बालबालिका र आफूलाई बचाउन रातभरि पातपतिङ्गरको घुर जलाएर सुत्नेगरेको बताउँदै उहाँले आगो बालेर सुत्दा जल्ने, पोल्ने डरले बालबालिकालाई सुताए पनि आफू खासै नसुत्ने गरेको सुनाउनुभयो ।

गरिबीका कारण खानपानकै जोरजाम पनि राम्ररी पूरा गर्न नसक्ने उहाँका पति दिनभरि मजदुरी गरेर कमाएको पैसामध्ये आधी मदिरामा उडाइदिने गर्छन् । आधी पैसाले जहानपरिवारका लागि खानेकुराको जोहो गर्नुपर्दा बालबालिकाले न्यानो लुगाफाटा र पोषिलो खानेकुरा पाएका छैनन् । यस वर्ष मात्रै नभएर वर्षौंदेखि आफूहरूले जाडो याममा यसैगरी समय काट्ने गरेको पाँच सन्तानकी आमा कोशिलाले बताउनुभयो । दिनमा घाम लागे खुशी हुने र साँझ ढल्दै गर्दै दुःखी भई रातभरि घुरमा आगो तापेर रात बिताउने उहाँको दिनचर्या बनिसकेको छ ।

बाक्लो हुस्सु र डम्म परेको कठ्याँग्रिदो जाडोकै बीच बस्ती नजिकै धान खेतमा धान बढार्दै गर्नुभएका ७२ वर्षीया भुटीदेवी सदाले पनि टाढैबाट कराउँदै आफ्नो पीडा सुनाउनुभयो, " 'हजुर, खान पाएकी छैन । घरमा अन्नपात छैन, जीउमा लुगा छैन, छानामाथि ओत छैन, यस्तोमा निष्ठुरी जाडोले ज्यानै लिन लागेको छ ।" "कहाँ जाऊँ, के गरूँ र कसरी बाँचूँ " भन्ने चिन्ताले पिरोलिनुभएका उहाँ घरी आगो ताप्ने र घरी धान बढार्दै हुनुहुन्थ्यो । उहाँले दैनिक रूपमा मजदुरी गरेपछि मात्रै घरमा खानपिनको व्यवस्था हुन्छ । एकदिन पनि मजदुरी नगरेमा सात बालबालिकासहित ११ जनाको परिवारका सबै सदस्य भोकभोकै बस्नुपर्ने उहाँको दुखेसो छ । "अहिले कठ्याँग्रिदो जाडोमा कहिले काम पाइन्छ भने कहिले कामै पाइँदैन । काम नपाइएमा परिवारजन भोकै बस्छन्", भुटीले थप्नुभयो, 'हजुर कोही दाता छन् भने हामीलाई कम्तीमा एक महिनाका लागि राहत दिलाइदिनुस् । एक महिनामा जाडो हटेर गएपछि पुनः रोजगारी गरेर खान्छु तर अहिले रोजगारी गर्नू कि ज्यान जोगाउनू ?"

उहाँसँगै अर्को खेतमा एउटा हातै नभएको ११ वर्षीय बालक पनि धान बढार्दै थिए । किशन सदा नाम गरेका उक्त बालकले पनि जीउमा च्यातिएको आधा लुगा मात्रै लगाएका थिए । कठ्याङ्ग्रिँदै एउटै हातले धेरथोर धान बटुल्दै गरेका उनी पनि परैबाट भन्दै थिए, 'हजुर, राहतमा मेरो पनि नाम लेखिदिनुस्, मैले पनि दुई दिनदेखि खान पाएको छैन । मेरो पनि घरमा आमा, तीन दिदीभाइ र मलगायत पाँच जना छु तर कमाउने कोही नहुँदा एउटै हातले भए पनि काम गरेपछि मात्रै खान पाउँछु ।"

त्यही बस्तीभित्रै सानो खरको झुप्रोभित्रै पराल ओछ्याएरै दुईमहिने बालकलाई झुत्रो लुगामा बेरेर सुताइएको छ । उसको अभिभावक सिकिन्दर सदा भन्दै हुनुहुन्थ्यो, 'हजुर आफैँ त कठिनसँग जाडो सहन सकिरहेको छु तर यत्रो सानो बच्चालाई कसरी जोगाउनू ? डर हुन्छ कहीँ केही नराम्रो नभइहालोस् । घरमा चारैतिरबाट हावा पस्छ । जाडाले मुटु नै हल्लाउँछ । यस्तोमा ओढ्ने, ओछ्याउने नहुँदा मनै रोएर आउँछ । कसैगरी कतैबाट पनि राहत दिलाइदिनुस् ।'

सो बस्तीका ललित, सरोज, वकिल, जोगिया, दिनेश, कृष्णा, सुरेन्द्र, रामस्नेही, सुमित्रादेवी, पवित्रीदेवी, विदेही, मनतोरियादेवी सदासहित १०० परिवार मुसहरको अवस्था त्यस्तै छ । जुनसुकै व्यक्तिका घरमा जाँदा पनि सबैको उस्तै पीडा देखिन्छ । अभावैअभावमा जीवन काटिरहेका उनीहरूको अवस्था बढ्दो चिसोसँगै चिन्ताजनक हुँदै गएको छ । चिसो छल्न समयमै उनीहरूलाई न्यानो लुगाफाटा र पोषिलो खानेकुरासहितको राहतको व्यवस्था गरिएन भने बस्तीमा मानवीय क्षति हुन बेर नलाग्ने बस्तीका अगुवा रजिन्द्र सदाले बताउनुभयो ।

वडाध्यक्ष रामविलास रायले चिसो पीडितलाई राहत दिन वडामा केही पनि नरहेको बताउनुभयो । उहाँले भन्नुभयो, " मैले चाहेर पनि मुसहरहरूका लागि तत्कालै केही गर्न सक्दिन, वडा सञ्चालनबाहेक हामीसँग कुनै थप बजेट छैन, सबै कार्यक्रम गाउँपालिकामै सीमित छ । पीडितको अवस्थाबारे गाउँपालिका अध्यक्षलाई जानकारी गराउँदै केही गर्ने प्रयास भने अवश्य गर्ने छु । " सो गाउँपालिकाका अध्यक्षमा भने रामछविला साह तथा जिल्लाको निर्वाचन क्षेत्र नं ३ मा पर्ने यस क्षेत्रबाट सङ्घीय सांसदमा महन्थ ठाकुर र प्रदेश नं २ प्रदेशसभा सदस्यमा रानीकुमारी तिवारी निर्वाचित हुनुभएको छ ।

रोग, भोक र कठ्याङ्ग्रिँदो चिसोबाट ज्यान गुमाउन लागेका मुसहरको उद्धार र राहतका लागि गाउँपालिका अध्यक्ष, सङ्घीय सांसद र प्रदेशसभा सदस्यले अहिलेसम्म कुनै पहल गरेको गुनासो एकै स्वरमा सबै मुसहरले गरेका छन् । उनीहरूका अनुसार अहिलेसम्म कुनै एनजिओ र आइएनजिओसमेत तिनको हालखबर सोध्न वा कुनै किसिमको राहत बाँड्न आएका छैनन् ।

मुसहरहरूले आउँदो निर्वाचनमा आफ्नो बस्तीमा मत माग्न जानेलाई आफूहरूले यसै विषयबारे प्रश्न सोध्ने बताए । निर्वाचन भएको चार वर्ष बित्न लाग्दा पनि आफूहरूका लागि अहिलेसम्म जनप्रतिनिधिले कुनै कार्यक्रम नल्याएको र कुनै सहयोग नगरेको बस्तीका अगुवा रजिन्द्रले बताउनभुयो ।

उहाँसहित सम्पूर्ण बस्तीका पीडितले आफूहरूलाई बढ्दै गरेको चिसोबाट जोगाउनका लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाल रेडक्रस सोसाइटीलगायत सरोकार पक्षसमक्ष आफ्ना कुरा पुर्‍याइदिन सञ्चारकर्मीलाई आग्रह पनि गरे ।

# राप्रपा केन्द्रीय समिति विस्तार

काठमाडौं, २० पुस (रासस) ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले विभिन्न जिल्लाका ३१ जनालाई केन्द्रीय कार्यसमितिको सदस्य पदमा मनोनयन गर्नुभएको छ । प्रदेश, भूगोलमा योगदान गरेका नेता तथा कार्यकर्तालाई योगदानका आधारमा पार्टीको विधानबमोजिम केन्द्रीय सदस्य मनोनयन गरिएको पार्टीले जनाएको छ ।

पार्टीका नेता सुन्दर पाण्डेका अनुसार मनोनीत सदस्यमा रुपन्देहीबाट दीपक बोहरा र निरञ्जन थापा, उदयपुरमा हरिबहादुर बस्नेत, रामेछापमा नवराज सुवेदी र दिनेश कार्की, रोल्पामा बालाराम घर्ती मगर, भोजपुरमा टङ्क ढकाल, बाँकेमा प्रेमबहादुर भण्डारी, म्याग्दीमा भीमप्रसाद गौचन, लमजुङमा हेमजङ्ग गुरुङ, धादिङमा ठाकुरप्रसाद शर्मा, सुनसरीमा रामकुमार सुब्बा, सुर्खेतमा मुकुन्दश्याम गिरी, भक्तपुरमा दिनेश श्रेष्ठ, झापामा भक्तिप्रसाद सिटौला, गोरखामा मोहनकुमार श्रेष्ठ, नुवाकोटमा झनक प्याकुरेल, अछाममा श्यामबहादुर शाही, सोलुखुम्बुमा एजी शेर्पा, ललितपुरमा पुष्पराज पुरुष हुनुहुन्छ ।

त्यस्तै, जुम्लामा रमानन्द न्यौपाने, नवलपरासीमा सरोजा शर्मा, सिराहामा रामप्रताप साह, खोटाङमा रबिन चाम्लिङ, स्याङ्जामा उदयराज पोखरेल, काठमाडौंमा प्राडा गीताभक्त जोशी, सरस्वती अधिकारी र नवीन शाही, कैलालीमा वीरेन्द्र बम, रुकुम पूर्वमा केशवचन्द्र समाल, झापामा अम्बरबहादुर विष्ट हुनुहुन्छ ।

गत मङ्सिरमा महाधिवेशन सम्पन्न गरेको पार्टीले छिट्टै केही अग्रज नेतालाई विभिन्न विभागमा प्रमुखको जिम्मेवारी तोक्ने जनाएको छ ।

# विद्यार्थी र करार शिक्षकको आन्दोलनको चक्रमा त्रिभुवन विश्वविद्यालय

काठमाडौं, २० पुस (रासस)। मुलुकको जेठो र ठूलो त्रिभुवन विश्वविद्यालय विद्यार्थी सङ्गठन, कार्यरत करार-आंशिक शिक्षक र कर्मचारी सङ्गठनको आन्दोलन र सहमतिको चक्रमा फस्दै गएको छ।

शैक्षिक गुणस्तर सुधार र प्राज्ञिक अनुसन्धानका काममा व्यस्त हुनुपर्ने विश्वविद्यालयको नेतृत्व राजनीतिक हस्तक्षेप र आन्दोलनको प्रभावका कारण अस्तव्यस्त बन्ने गरेको छ। कहिले आवश्यकताभन्दा बढी जनशक्ति भर्ती गर्ने, कहिले तिनैलाई स्थायी गराउने, अनि त्यस्तो प्रक्रियाको विरोधमा विद्यार्थी सङ्गठनबाट हुने विरोधको सामना गर्दै आएको छ।

विशेष आन्तरिक खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्न सुरु भएको प्रक्रिया रोक्न विश्वविद्यालय तयार भएपछि विभिन्न विद्यार्थी सङ्गठनले कीर्तिपुरस्थित उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रारको कार्यालयमा लगाएको ताला मंगलबारदेखि खुलेको छ तर आंशिक-करार शिक्षकले फेरि आन्दोलन गर्नसक्ने स्थिति देखिएको छ। स्थायी गराउन मागसहित आंशिक-करार शिक्षकले लामो समयदेखि गरेको आन्दोलनलाई अन्त्य गराउन विगतमा नेपाल सरकार र त्रिवि नेतृत्वबीच भएको सहमति कार्यान्वयका क्रममा त्रिविको गत मङ्सिर १४ गते भएको सभाले विशेष आन्तरिक खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्न निर्णय गरेको थियो। सोको विरोधमा सत्तारुढ र विपक्षी दल निकट विद्यार्थी सङ्गठनले तालबन्दी गरेका थिए।

पदपूर्ति प्रक्रिया रोक्न नेपाल विद्यार्थी सङ्घसहित विद्यार्थी सङ्गठनसँग यही पुस १९ गते र अनेरास्ववियुसँग मंगलबार भएको सहमतिपछि तालाबन्दी खुलाइएको छ। यो तालाबन्दी दीर्घकालीन समाधान हो या होइन भन्ने विशेष आन्तरिक खुल्ला प्रतियोगिताबाट पदपूर्ति माग गर्ने पक्षका आगामी गतिविधिमा भर पर्नेछ। त्रिवि सभाले १० वर्षदेखि करारमा रहेका अध्यापकलाई आन्तरिक प्रतियोगिताबाट स्थायी गर्न लागेको थियो। त्रिविले उक्त प्रक्रिया हाललाई मात्र रोकिएको जनाएको छ।

उक्त प्रक्रिया पुनः सुरु भएमा विद्यार्थी आन्दोलन पनि दोहोरिनेछ। ऐन, कानुन र नीतिसँग मेल नखाने, सहमति नगर्ने र नियमबमोजिम हुने काम समयमै हुने भएमा यस्ता असन्तुष्टि नबल्झिने देखिएको छ। आन्दोलनरत विभिन्न विद्यार्थी सङ्गठनसँगको यही पुस १९ गतेको वार्ताका आधारमा विशेष आन्तरिक खुल्ला प्रतियोगिताबाट पदपूर्ति प्रक्रिया रोक्ने सहमति भएको हो। अनेरास्ववियुका उपाध्यक्ष आरसी लामिछानेले त्रिविसँगको सहमतिका आधारमा तालबन्दी तोडाइएको जनाउनुभयो।

त्रिविमा रिक्त दरबन्दीहरू समावेशी सिद्धान्तका आधारमा हरेक छ महिनामा खुल्ला विज्ञापन गरी पदपूर्ति गर्ने पनि सहमति भएको छ। सो सहमतिमा त्रिविका वार्ता समिति संयोजक प्रा पशुपति अधिकारीले विभिन्न छ विद्यार्थी सङ्गठनका प्रतिनिधिसँग हस्ताक्षर गर्नुभएको छ। सहमतिपछि विद्यार्थी सङ्गठनले गरेको तालाबन्दी खुलाइएको छ। झण्डै दुई हजार आंशिक प्राध्यापकलाई व्यवस्थापन गर्न एक पटकका लागि आन्तरिक प्रतियोगिता गर्न त्रिवि नेतृत्वले गत वर्ष आंशिक प्राध्यापक सङ्घसँग सहमति गरेको थियो। यो खुल्ला प्रतियोगिताको विपक्षमा भएका नयाँ उत्पादित जनशक्तिको तर्क रहेको छ। प्राध्यापक बहस चौतारीका संयोजक केशवराज पौडेलले त्रिवि नेतृत्वको असक्षमताका कारण यस्ता समस्या पटक पटक देखा परेको टिप्पणी गर्नुभयो।

त्रिवि र आंशिक प्राध्यापक सङ्घर्ष समितिबीच २०७४ सालमा तत्कालीन सरकारसँग भएको सहमतिमा एक हजार ४२० र त्यसपछि अध्यापन गराउन थालेका ५८० जना स्वतः करार हुनुपर्ने, क्याम्पसको आन्तरिक स्रोतबाट करार दिने नियमित करार नमानिने भएकाले त्रिविको नियमानुसारको अवधिभर करार गर्न पाउनुपर्ने सहमति भएको थियो। नयाँ पुस्ताका प्रविधिमैत्री दक्षजनशक्ति उत्पादन भइसकेको अवस्थामा त्यसलाई दुरुत्साहन हुनेगरी त्रिवि सेवा आयोगको नियमविपरीत राज्यलाई झण्डै रु एक अर्ब पाँच करोड बढी भार पर्ने गरी हुने आन्तरिक प्रतियोगिताको निर्णय खारेज गर्न विद्यार्थी सङ्गठनको माग छ।

# स्वीकृत दरबन्दीको ४० प्रतिशत कर्मचारीका भरमा गुठी संस्थान

काठमाडौं, २० पुस (रासस)। गुठी सम्पत्ति र सम्पदाको संरक्षण एवं प्रवर्द्धन गर्दै गुठी व्यवस्थालाई जीवन्तता दिने उद्देश्यले स्थापित गुठी संस्थान स्वीकृत कर्मचारी दरबन्दीको ४० प्रतिशत जनशक्तिका भरमा चलिरहेको छ।

संस्थानमा स्वीकृत दरबन्दीअनुसार १५५ को दरबन्दी छ। त्यसमध्ये हाल ६७ मात्र कार्यरत रहेको संस्थानका अध्यक्ष पुण्यप्रसाद भुसालले राससलाई जानकारी दिनुभयो। हाल कार्यरतमध्ये पनि आगामी चैतसम्म तीन जनाले अनिवार्य अवकास पाउन लागेको जनाइएको छ। "संस्थानमा सहसचिवस्तरका सहप्रशासक दुई जनाको दरबन्दी रहेकामा दुवै पद रिक्त छ, उपसचिवस्तरका उपप्रशासक १४ जनाको दरबन्दी रहेकामा सबै पद रिक्त छ, अधिकृतभन्दा माथिल्लो तहका कर्मचारी छैनन, १३ देखि २० वर्षसम्म अधिकृत पदमा कार्यरत कर्मचारीको वृत्ति विकास हुन सकेको छैन", उहाँले भन्नुभयो।

सहायक तहमा भने २८ वर्षदेखि एकै पदमा कार्यरत कर्मचारी रहेको संस्थानले जनाएको छ। हाल कार्यरत ६७ मध्ये पनि ३८ करारका कर्मचारी छन। संस्थानमा १३ वर्षदेखि बढुवा भएको छैन। संस्थानअन्तर्गत काठमाडौं, ललितपुर, भक्तपुर, काठमाडौंमै पशुपति र अभिलेख शाखा, काभ्रेपलाञ्चोक, जनकपुर, महोत्तरी र वीरगञ्जमा गरी नौ शाखा छन।

जनशक्तिको अभाव रहेकाले नौ शाखाबाट देशभरका मठ, मन्दिर एवं गुठी व्यवस्थापनको जिम्मेवारी पाएको संस्थानमा काम चलाउन मुस्किल हुन थालेको कर्मचारी बताउँछन। स्वीकृत दरबन्दीबाट समेत संस्थानका सबै शाखा सञ्चालन गर्न नसकिने भएपछि मस्यौदा गरी लोकसेवा आयोगमा पुगेको नयाँ विनियमावलीमा १८७ दरबन्दीको व्यवस्था गरिएको छ। नयाँ विनियमावली स्वीकृत नभई कर्मचारी पदपूर्ति नहुने भएकाले संस्थान सञ्चालनमा आउने देखिएको छ।

**पाँच महिनादेखि सञ्चालक सदस्य रिक्त**

संस्थानमा कर्मचारीमात्र नभई सञ्चालक समिति सदस्यसमेत रिक्त छ। देशका धार्मिक, सामाजिक क्षेत्रबाट मनोनीत गरेका गुठी क्षेत्रका जानकारमध्येबाट नियुक्त गरिने तीन स्वतन्त्र सदस्य गत साउन ६ गतेदेखि रिक्त रहेको छ। विभिन्न मन्त्रालयबाट प्रतिनिधित्व हुने सञ्चालक समिति सदस्यमध्ये संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पद पनि रिक्त छ। यसअघि प्रतिनिधित्व गर्ने प्रथम श्रेणीका अधिकृतको सरुवा भएकाले सो पद रिक्त भएको हो।

संस्थान सञ्चालक सदस्यमा गृह र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्रतिनिधित्व गर्ने पद भने कायम छ। यसैगरी भूमिसुधार तथा अभिलेख व्यवस्थापन विभागका महानिर्देशक पनि पदेन संस्थान सञ्चालक रहने व्यवस्था छ। संस्थानका प्रशासक भने सञ्चालक समितिको सदस्य सचिव रहने व्यवस्था छ।

सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि मठमन्दिर एवं गुठी परम्पराको महत्वपूर्ण योगदान हुने गरे पनि यसको संरक्षण सरकारको प्राथमिकतामा नपरेको यस क्षेत्रका जानकारको गुनासो छ। गुठी परम्परा भएको धेरै मठमन्दिरमा पूजा, आराधना नभएकाले व्यवस्था मिलाउन ज्ञापनपत्र दिएको पाँच वर्षसम्म पनि सरकारी निकायको ध्यानाकर्षण नभएको अभियानकर्मी प्रकाशजङ्ग रायमाझी बताउनुहुन्छ।

विसं २०२१ मा देवस्वलाई राजस्व नबनाउने सरकारको नीतिअनुरूप संस्थान स्थापना गरिएको थियो। त्यसअघि पनि राजगुठी व्यवस्थापनका लागि विभिन्न नाममा सरकारी कार्यालय सक्रिय थिए। पछिल्लो समय संस्थानलाई जग्गा लिएबापत सरकारले दिनुपर्ने करिब रु १६ अर्बसमेत नदिएको गुनासो कर्मचारीको छ।

राज्य पुनःसंरचनाअनुसार संस्थानको संरचना बन्न सकेको छैन। यसअघि संस्थानको शाखा नभएका जिल्लामा मालपोत कार्यालयलाई नै गुठीसम्बन्धी काम गर्ने एकाइका रूपमा सरकारले तोकेको थियो। संस्थानले यसै आर्थिक वर्षमा सातै प्रदेशमा प्रादेशिक गोष्ठी आयोजना गरी न्यूनतम जनशक्ति राखेर प्रदेश कार्यालय स्थापना गर्ने सोच अघि सारेको छ। कार्यालय स्थापना गर्नुअघि गरिने प्रादेशिक गोष्ठीमा सम्बन्धित प्रदेशअन्तर्गतका सबै स्थानीय तहका प्रमुख, उपप्रमुखलाई सहभागी गराएर गोष्ठी गर्ने संस्थानको तयारी छ।

देशभरका ७५३ वटै स्थानीय तहमा पनि गुठी शाखा स्थापना गरी मठमन्दिर एवं गुठी जग्गा व्यवस्थापनको काम गर्ने तयारीमा संस्थान लागेको अध्यक्ष भुसालले जानकारी दिनुभयो।

*सप्तरी काँग्रेस ...*

निर्वाचित भएका छन्। चार जना क्षेत्रिय सभापती मध्ये पनि एक जनामात्र संस्थापन इतर पक्षका विजयी भएका छन्। हाल सम्मको निर्वाचन परिणामले देखाएको संकेत अनुसार देउवा पक्षनै भारी हुने अनुमान गरिएको छ।

यद्पी उक्त पक्षबाट उम्मेदवार को हुने हो भन्ने आधारमा पनि परिणाम हेरफेर हुन सक्ने सम्भावना उतिकै रहेको काँग्रेसी नेता कार्यकर्ताहरुको भनाई छ।

प्रदेश २ का ८ जिल्लासहित १६ जिल्लामा विवादका कारण जिल्ला अधिवेशन हुन नसकेपछि केन्द्रिय निर्वाचन समितीले ती सबै जिल्लामा पुष २७ गते एकै दिन अधिवेशन गर्ने निर्णय गरेको हो।

## विश्व समाचार

### ओमिक्रोनका सङ्क्रमित बढ्दै गएपछि भारतमा १५ देखि १८ वर्ष उमेर समूहकालाई खोप लगाइँदै

नयाँ दिल्ली, २० पुस (रासस/सिन्ह्वा)। भारत सरकारले यहाँका १५ देखि १८ वर्ष उमेरका युवायुवतीलाई कोरोनाविरुद्धको खोप लगाउन सुरु गरेको छ।

भारतमा ओमिक्रोन भाइरसका सङ्क्रमित बढ्दै गएपछि सरकारले यहाँ यो उमेर समूहका नागरिकलाई खोप लगाउन थालेको अधिकारीले जनाएका छन्। भारतका स्वास्थ्यमन्त्रीले सो खोप लगाएको तस्बिर सार्वजनिक गर्नुभएको थियो।

यहाँको सरकारले यो उमेर समूहका बालबालिकालाई खोप लगाउनका लागि अनलाइन दर्ता गर्न माग गरेको थियो। सोही बमोजिम यहाँका करिब १२ लाख युवायुवतीले खोपका लागि सरकारको अनलाइनमा दर्ता गराएको बताइएको छ।

भारतको मध्यप्रदेशमा कोरोना भाइरस पछिल्ला दिनहरुमा निकै अनियन्त्रितरुपमा बढिरहेको बताइएको छ। नयाँ सङ्क्रमितको वृद्धि हेर्दा यहाँ कोरोना भाइरसले तेस्रो लहरको सङ्केत दिएको यहाँका अधिकारीले जनाएका छन्।

भारतको मध्यप्रदेश राज्यमा मात्र सोमबार मात्र २२१ जना ओमिक्रोन भेरियन्टका सङ्क्रमित भेटिएका छन्। तर एक हप्ता अघिसम्म यहाँ ४२ जना मात्र ओमिक्रोन सङ्क्रमित थिए। यहाँ गएको सात दिनभित्र मात्र नयाँ सङ्क्रमितको सङ्ख्यामा ५०० प्रतिशतले वृद्धि भएको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन्।

यहाँका स्वास्थ्यसम्बन्धी अधिकरीले आगामी १० जनवरीदेखि हरेक दिन यस प्रदेशमा एक हजारभन्दा बढी ओमिक्रोनकै सङ्क्रमित आउने अनुमान गरिएको बताएका छन्। अहिलेसम्म यहाँको सरकारले केही थप प्रतिबन्ध लगाउनेबारे केही नयाँ निर्णय गरेको छैन। तर पनि यस विषयमा सरकारले विचार गर्न सक्ने पनि उनीहरुले जनाएका छन्।

### दक्षिण कोरियामा ओमिक्रोनका सङ्क्रमित बढ्दै, दुईको मृत्यु

सोल, २० पुस (रासस/सिन्ह्वा)। दक्षिण कोरियामा कोरोना भाइरसको घातक भनिएको ओमिक्रोनका सङ्क्रमित बढेको बताइएको छ। यस भाइरसबाट दुईजनाको ज्यान गएको छ। दक्षिण कोरियामा यो भेरियन्टबाट पहिलोपटक यी दुईजनाको ज्यान गएको समाचारमा जनाइएको छ।

यो भेरियन्ट निकै घातक रहेको भनेर यसका विरुद्धमा व्यापक सतर्कता अपनाउनुपर्ने भनिएकामा यहाँ पहिलोपटक यी दुईजनाको ज्यान गएको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन्।

दक्षिण कोरियामा पनि डिसेम्बरको सुरुतिर यो भेरियन्ट भेटिएको थियो। गत डिसेम्बर २७ मा एक र २९ तारिखमा अर्का एकजनाको यो भेरियन्टबाट ज्यान गएको अधिकारीले जनाएका छन्।

### भारतमा थप ३७ हजार ३७९ जना कोरोना सङ्क्रमित

नयाँदिल्ली, २० पुस (रासस/एएनआई)। भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप ३७ हजार ३७९ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ। यसैसँगै भारतमा कोरोना सुरु भएदेखि हालसम्म तीन करोड ४८ लाख आठ हजार ८८६ जना सङ्क्रमित भएका छन्।

गत २४ घण्टामा भएका सङ्क्रमितमध्ये एक हजार ८९२ जना भने ओमिक्रोन भेरियन्टका सङ्क्रमित रहेका पनि समाचारमा जनाइएको छ। तीमध्ये पनि ७६६ जना भने निको भएका छन्।

सोही अवधिमा थप १२४ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८२ हजार १७ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या एक लाख ७१ हजार ८३० रहेको छ। अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या कूल सङ्क्रमितको सङ्ख्याको ०.४९ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

गएको २४ घण्टामा भारतमा एघार हजार सात जना कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ४३ लाख छ हजार ४१४ जनालाई कोरोना सङ्क्रमण निको भएका छन्। भारतमा कोरोना भाइरस निको हुने दर ९८.१३ प्रतिशत रहेको जनाइएको छ।

भारतमा कोरोना सुरु भएदेखि हालसम्म ६८ करोड २४ लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ४६ करोड ७० लाखभन्दा बढी डोज खोप लगाइएको जनाइएको छ।

# धनुषा र बारा प्रधानमन्त्री कप छनोट प्रतियोगिताको फाइनलमा भिड्ने



**दैनिक समाचारदाता राजविराज, २० पुस ।**
प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि राजविराजमा जारि प्रदेश २ स्तरिय छनोट प्रतियोगिता अन्तरगत मंगलबार सम्पन्न सेमिफाइनल खेलमा धनुषा र बारा बिजयी भएका छन् । दुबै टिम बुधबार हुने फाईनल खेलमामा भिड्ने छन् ।

मंगलबार सम्पन्न खेलमा धनुषाले सिरहालाई ७ बिकेटले तथा बाराले सप्तरीलाई ९५ रनले पराजित गर्दै फाइनलमा स्थान बनाए ।

मविव क्याम्पस खेलमैदानमा सम्पन्न पहिलो सेमिफाइनल खेलमा टस जितेर ब्याटिङ रोजेको सिरहाले ३४ ओभरमा सम्पूर्ण बिकेट गुमाई १ सय १६ रनको योगफल खडा गरेको थियो । जसमा सुमन गहतराजले ३३, शैलेन्द्र साह २९ तथा रुपेश सिंहले १९ रनको योगदान गरेका थिए । बलिङतर्फ धनुषाका बिशाल सुशलिंग र श्याम राय ३/३ बिकेट तथा आकाश सिंहले २ बिकेट लिएका थिए ।

जवाफी ब्याटिङ गर्दै धनुषाले २७ दशमलव ४ बलमा ३ बिकेट गुमाउँदै बिजयी लक्ष्य प्राप्त गरेको थियो । धनुषाका लागि बिशाल सुशलिंगले उत्कृष्ट ब्याटिंग गर्दै अविजित ५९ रन बनाए वापत म्यान अफ दि म्याच घोषित भए ।

मंगलबारै बारा र सप्तरीबीच दोश्रो सेमिफाइनल खेल सम्पन्न भएको छ । उक्त खेलमा बाराले टस जितेर ब्याटिङ रोज्दै ४६ ओभरमा ७ बिकेट गुमाएर २ सय ६१ रनको चुनौती पेस गरेको थियो । जसमा मेघराज महरा र साहिल पटेलले समान ४२/४२ रन तथा निखिल सिंह (अविजित) ३९ र अरनिको २८, जितेन्द्र यादबले (अविजित) २६ र कुमार थापाले २० रनको योगदान दिएका थिए । बलिङतर्फ सप्तरीका अजय यादबले ३, रोबिन सिंहले २ तथा महबुव आलम र अनिल यादबले १/१ बिकेट लिएका थिए ।

जवाफी ब्याटिङमा सप्तरी ३७ दशमलव २ ओभरमा सबै बिकेट गुमाई १ सय ६६ रन मात्र बनाउन सकेको थियो । जसमा अमित मण्डलले सर्वाधिक ५४, रोहन बिक २१, महबुव आलम १६ र बिकास दास १७ रन बाहेक अरू कुनै खेलाडी दोहोरो अंक पार गर्न सकेनन् ।

बलिङतर्फ बाराका समीर नेपाल ३, भुलवन सहनी २ तथा आशुतोष पटेल, जितेन्द्र यादव, कुमार थापा र अरनिको यादव १/१ बिकेट लिएका थिए । उक्त खेलको म्यान अफ दि म्याच बिजयी टिमका अरनिको यादव घोषित भए ।

प्रतियोगिताको फाईनल खेल बुधबार सम्पन्न हुने क्रिकेट सघ सप्तरीका सचिव चन्दनकुमार यादबले जानकारी दिएका छन् ।

# बढ्दो चिसोका कारण धनुषाका तीन तहले दियो विद्यालयमा बिदा

जनकपुर, २० पुस (रासस) ।
बढ्दो चिसो र शीतलहरलाई दृष्टिगत गरी धनुषाको तीन स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विद्यालयह बिदा दिएका छन् ।

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका, नगराइन नगरपालिका र लक्ष्मीनियाँ गाउँपालिकाले विद्यालयमा बिदा दिएका हुन् । बढ्दो चिसोका कारण जनजीवन कष्टकर बन्दै गएको र विद्यालयमा बालबालिकाको उपस्थितिसमेत पातलिएकाले मंगलबारदेखि शनिबारसम्म नगर क्षेत्रका विद्यालयमा बिदा दिने निर्णय गरेको क्षिरेश्वरनाथ नगरपालिकाका प्रमुख प्रशासकीय प्रमोदकुमार घिमिरेले जानकारी दिनुभयो ।

यस्तै, नगराइन नगरपालिकाले पनि अगामी पाँच दिनका लागि नगर क्षेत्रका विद्यालयमा बिदा दिएको जनाएको छ । अत्यधिक चिसो र शीतलहरका कारण पठनपाठनमा समस्या भइरहेकाले मंगलबारदेखि पाँच दिनका लागि नगर क्षेत्रको सामुदायिक तथा संस्थागत विद्यालयमा बिदा दिएको नगरपालिकाले जनाएको छ ।

त्यस्तै, लक्ष्मीनियाँ गाउँपालिकाले पनि गाउँपालिकास्थित विद्यालयमा मंगलबारदेखि अर्को सूचना नहुन्जेलसम्मका लागि बिदा दिएको जनाएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिशङ्कर यादवले सूचना जारी गरी चिसोका कारण विद्यालयमा बिदा दिएको जानकारी दिनुभएको छ ।

विगत केही दिनयता बढेको अत्यधिक चिसो र शीतलहरका कारण प्रदेश २ का जिल्लाहरूको जनजीवन कष्टकर बनेको छ । चिसोका कारण दुधे बालकदेखि ६० वर्षसम्मका वृद्धवृद्धा बढी प्रभावित भएका छन् । चिसो बढ्दै गएपछि अस्पतालमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियाँ लगायतका बिरामीको चाप बढेको जिल्ला स्वास्थ्य कार्यालय धनुषाले जनाएको छ ।

विगत तीन दिनदेखि घाम नउदाउनाका साथै चिसो हावा चलेका कारण सर्वसाधार आगो बालेर दिन बिताउन बाध्य भएका छन् । चिसो बढेपछि ग्रामीण तथा बजार क्षेत्रमा सर्वसाधारणको चहलपहल र आवागमन पातलिएको छ भने सरकारी कार्यालयमा समेत सेवाग्राहीको चाप घटेको छ । चिसो बढेपछि बजारमा सर्वसाधारणको चहलपहल घटेको जनकपुरका व्यापारीले बताएका छन् ।

# भौतिक पूर्वाधारणको निरीक्षण

जनकपुर, २० पुस (रासस) ।
भारतीय रेल्वे कम्पनी कर्पोरेसन (कोडकण) को टोलीले मंगलबार कुर्था-जयनगर रेल्वे सेवा सञ्चालनका लागि निर्माण भएको भौतिक पूर्वाधार कार्यको निरीक्षण गरेको छ ।

कोडकणका निर्देशक मनोज सिंह नेतृत्वको टोलीले नेपालको कुर्थादेखि भारतको जयनगरसम्म रेल सेवा सञ्चालनका लागि तयारी पारिएको भौतिक पूर्वाधार र नेपालतर्फ भइरहेको तयारीबारे निरीक्षण गरेको हो ।

सो टोलीलाई जनकपुरधामस्थित रेल्वे स्टेशनमा नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जन झाले स्वागत गर्नुभयो । सो क्रममा महाप्रबन्धक झाले टोलीलाई नेपालमा रेल सेवा सञ्चालनका लागि भइरहेको कानुनीलगायत अन्य तयारीबारे जानकारी गराउनुभयो ।

निरीक्षण पश्चात् सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्नुहुँदै निर्देशक सिंहले भारत सरकार नेपालमा छिट्टै रेल सेवा सञ्चालन गर्न चाहेको बताउनुभयो । उहाँले नेपालमा रेल सञ्चालनका लागि तयारी भइरहेकाले छिट्टै सेवा सञ्चालन हुने विश्वास व्यक्त गर्नुभयो ।

निर्देशक सिंहले भन्नुभयो,"अहिले सञ्चालन हुन लागेको रेल सेवा सानो मात्र हो, हामी चाहन्छौं नेपालमा पनि ठूलो र लामो दूरीको रेल सेवा सञ्चालन होस्, त्यसमा हाम्रो तर्फबाट सहयोग हुन्छ", उहाँको भनाइ थियो ।

नेपाल रेल्वे कम्पनी लिमिटेडले सञ्चालनका लागि २०७७ असोज २ गते भारतीय रेल्वे कम्पनी कर्पोरेसनबाट रु ८४ करोड ६५ लाखमा दुई सेट रेल खरिद गरेर ल्याए पनि अझै सञ्चालमा आउन सकेको छैन् । ती दुई वटै सेट रेल अहिले धनुषाको जनकनन्दनी गाउँपालिकाको इनरुवामा राखिएको छ ।

## शीतलहरका कारण ...

तथा समुदायिक विद्यालयमा पुस २४ गतेसम्मका लागि पठनपाठन बन्द गराएका छन् । यसअगावै जिराभवानीले पठनपाठन बन्द गराइसकेको थियो ।

शीतलहरले गर्दा स्वास्थ्यमा प्रतिकूल समस्या नपरोस् भन्दै गाउँपालिकाहरूले पनि पालिकाका सम्पूर्ण संस्थागत र निजी विद्यालयमा पठनपाठन बन्द गराएका हुन् । विगत एक दिनदेखि चिसो र शीतलहरले पर्साको जनजीवन प्रभावित भएको छ ।

## चिसोले एकको ...

सक्रियताका साथ अघि बढाउने निर्णय समेत गरेको छ ।

जिल्लाको सबै १८ वटै स्थानीय तहमा विपद व्यवस्थापन समितीमार्फत सितलहरबाट जोगाउन सचेतना र दाउराको व्यवस्थापन गर्ने बैठकले निर्णय गरेको छ ।

त्यस्तै सम्बन्धित गाँउ र नगरपालिकाले अति विपन्न परिवारको पहिचान गरी न्यानो कपडा र कम्बल वितरण गर्ने तथा कोरोनाको जोखिम न्युनिकरण र शान्ति सुरक्षालाई अझ सुदृढ बनाउन विविध निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिएका छन् ।

# राष्ट्रियसभा सदस्य निर्वाचन : १९ पदका लागि ४३ उम्मेदवार

काठमाडौँ, २० पुस (रासस) ।
राष्ट्रियसभा सदस्य १९ रिक्त पदका लागि नौ राजनीतिक दलका ४३ जनाको उम्मेदवारी परेको छ ।

आगामी माघ १२ गते हुने उक्त निर्वाचनका लागि ४३ उम्मेदवारबाट मनोनयनपत्र दर्ता भएको निर्वाचन आयोगका प्रवक्ता शालीग्राम शर्माले जानकारी दिनुभयो । उक्त निर्वाचनका लागि मंगलबार बिहान १० देखि दिउँसो ३ बजेसम्म उम्मेदवारी मनोनयनको समयावधि तोकिएको थियो ।

आयोगले यही पुस २५ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्नेछ । आगामी फागुन २० गते नेकपा (एमाले) का आठ, नेकपा (एकीकृत समाजवादी) का चार, नेकपा (माओवादी केन्द्र) का चार र नेपाली कांग्रेसका तीन राष्ट्रियसभा सदस्यको पदावधि सकिँदैछ । सदस्यको पदावधि समाप्त हुन ३५ दिनअघि नै निर्वाचन गर्नुपर्ने प्रावधान छ ।

प्रबुद्ध वर्गको प्रतिनिधित्व रहने ५९ सदस्सीय राष्ट्रियसभाका एक तिहाइ सदस्यको प्रत्येक दुई वर्षमा पदावधि समाप्त हुने संवैधानिक व्यवस्था छ । निर्वाचनका लागि प्रदेशसभा सदस्य तथा पालिका प्रमुख र उपप्रमुख गरी दुई हजार २५ मतदाता कायम छन् । निर्वाचनमा प्रदेशसभा सदस्यको मतभार ४८ तथा पालिका प्रमुख र उपप्रमुखको मतभार १८ हुनेछ ।

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो ।
त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् ।
कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np